# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः
च.नं.

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
वेलका नगरपालिका,
उदयपुर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट वेलका नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु ३ करोड ८२ लाख २३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २६ लाख १९ हजार, नियमित गर्नुपर्ने रु १ करोड ३६ लाख २६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड २ लाख ९२ हजार र पेश्की रु १ करोड १६ लाख ८६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुमा सम्वन्धमा २०७५।१०।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर तहां पालिकावाट प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १४ यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# वेलका नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं.१.मा अवस्थित यो नगरपालिका अन्तर्गत ९ वडा, ५० नगर सभा सदस्य, ३४४।७३ वर्ग कि.मी.क्षेत्रफल र ४२३८६ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | २८,४५,७१,००७।३८ |
| | क) नगद | | २ | पूँजीगत खर्च | १६,५२,१६,४९५।०० |
| | ख) बैंक | १,०५,८४,३०८।६१ | ३ | वित्तीय व्यवस्था भुक्तानी | |
| २ | राजस्व (आन्तरिक आय) | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ९०,६७,०३७।११ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | ५,८५,२४०।०० | ४ | लगानी | |
| ३ | वित्तीय हस्तान्तरण | | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | २८,६५,१२,०००।०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १९,३१,५२,५२९।६७ | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | धरौटी फिर्ता | १,१५,०००।०० |
| | घ) विशेष अनुदान | | ६ | कोष खर्च (निकासा फिर्ता) | |
| | ङ) अर्थ वजेट | | | ङ) अर्थ वजेट | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७ | मौज्दात | |
| | क)वित्तीय समानीकरण अनुदान | | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | | | ख) बैंक मौज्दात | ५,०१,१३,६१३।०१ |
| | ग) समपूरक अनुदान | | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | जनसहभागिता (नगद) | | | | |
| ८ | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| ९ | धरौटी आय | १,१५,०००।०० | | | |
| १० | अन्य विविध आय (मर्मत र क.कोष) | | | | |
| | जम्मा | **५०,००,१६,११५।३९** | | जम्मा | ५०,००,१६,११५।३९ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमानसाथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । तर यस नगरपालिकावाट सो को कार्यन्वयन २०७४, असोज ४ मा मात्र भएकोले समयमा बजेट र कार्यक्रम पारित नभएको पाईयो । | |
| २. | **आन्तरीक नियन्त्रण प्रणाली**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । तर यस नगरपालिकाबाट उक्त आन्तरिक नियन्त्रण प्रणाली तथा निर्देशिका बनाई कार्यन्वयनमा ल्याएको पाईएन ।<br>(क) कार्यालयको सभाहल लगायतका ३ वटा भवनहरु उपभोक्ता समूह मार्फत निर्माण गरेको पाईयो । सार्वजनिक खरिद ऐन/नियम विपरित आफ्नै कार्यलय भवन समेत ३५ लाख रुपैयाको लागत अनुमान स्वीकृत गरी विना प्रतिस्पर्धा उपभोक्ता समिति गठन गरी निर्माण गरिनुले एकातर्फ प्रतिस्पर्धा नभै लागत बढ्न जाने देखिन्छ भने अर्को तर्फ कार्यालयको भवन निर्माण भएको प्राविधिक कार्य गुणस्तरयुक्त नहुने तर्फ नगरपालिकाले ध्यान दिएको पाईएन ।<br>(ख) कर्मचारीहरुको तलवी प्रतिवेदन पारीत नभएको ।<br>(ग) जिन्सी दाखिला प्रतिबेदनमा जिन्सी खाता पाना नंम्बर उल्लेख नभएको ।<br>(घ) स्थानीय तहको सरकारी सामुदायिक तथा सामाजिक सम्पत्तिको संरक्षण गर्नु पर्ने ।<br>(ङ) फोहरमैला व्यवस्थापन सम्वन्धमा जनचेतना अभिवृद्धि संचालन गर्नु पर्ने । साथै ल्याण्डफिल्ड साइटको व्यवस्था नभएको ।<br>(च) भ्रमण खर्च नियमावली, २०६४ अनुसार कर्मचारीको भ्रमण अभिलेख नराखेको ।<br>(छ) मु.अ.कर ऐन २०५२ तथा नियमावली २०५३ वमोजिम मू.अ.कर को जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा सोको जानकारी नगरेको । | |
| ३. | **स्थानिय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन ,अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती,कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ४. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरिय तथा केन्द्रिय स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | |
| ५. | **चौमासिक खर्च :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको समानिकरण तर्फको चौमासिक खर्च विवरण अनुसार प्रथम चौमासिकमा ४.३९ प्रतिशत, | |

| | | |
|---|---|---|
| | दोश्रो चौमासिकमा ३३.१४ प्रतिशत र तेश्रो चौमासिकमा ६२.८७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ को २५.०७ प्रतिशत खर्च भएबाट तोकिएका योजनाहरुको कार्यान्वयन गर्न सम्बन्धित लाभग्राही उपभोक्ताहरुसंग सम्झौता गरी विनियोजित बजेटबाट निर्धारीत योजनाहरु यथासमयमै सम्पन्न गरी उनीहरुलाई लाभान्वित गराउनुपर्नेमा सो बमोजिम हुन नसकेको पाईयो । यसो हुनुमा अत्याधिक कार्यक्रमहरुको सम्झौता दोस्रो र तेस्रो चौमासिकमा गरी वर्षान्तमा आएर योजना सम्पन्न गर्ने र वर्षको अन्तिम अर्थात तेस्रो चौमासिक र आषाढ महिनामा उपरोक्तानुसार कुल खर्चको क्रमश ६२% र २५% भन्दा बढी खर्च लेखेबाट खर्च गर्ने परीपाटीमा सुधार ल्याउन जरुरी देखिन्छ । | |
| ६. | **कर्मचारी व्यवस्थाः** निजामती सेवा ऐन,२०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त पुस्तिका अनुसार स्वीकृत दरवन्दी १५२ रहेतापनि पदपूर्ति १२३ मात्र रहेको देखियो । ३ अधिकृत सहित २९ पद रिक्त रहेकाले नगरपालीकाको समग्र कार्य सम्पादनमा प्रभाव पर्न गई सेवा प्रवाहमा समेत असर पुग्ने भएबाट सम्बन्धित निकाय समेतले पदपुर्ति गर्ने तर्फ ध्यान दिनु पर्ने देखिएको छ । | |
| ७. | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्षमा आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले आय-व्यय विवरणमा आन्तरिक आय रु.९०,६७,०३७।११ देखाईएको छ । श्रेस्ता साथ संलग्न फाँटवारी अनुसार र आ.ले.प. प्रतिवेदनमा रु.१,०२,०७,०८५।६४ देखिन्छ । यसरी आय-व्यय विवरण र फांटवारी अनुसार रु. ११,४०,०४८।५३ आय-व्यय विवरणमा घटी देखाएको पांईदा आन्तरिक आय एकीन हुन सकेन । यस सम्बन्धमा वास्तविक आय कति हो यकीन हुन नसकेको हुंदा छानविन गरी आन्तरिक आय एकीन गरी सो हिसाब मिलान हुनुपर्ने देखिएको रु. | ११,४०,०४८।५३ |
| ८. | **आम्दानी एकिन नभएको :** कार्यालयको आन्तरिक आय परीक्षण गर्दा के कति नगदी रसिद छपाईयो, कस्ले बुझेर लगेको, सो वाट कति आम्दानी भयो सो देखिने कुनै अभिलेख राखेको पाईएन् । कार्यालयले आय-व्यय विवरणमा रु.९०,६७,०३७।११ देखाएको छ भने आन्तरिक लेखापरीक्षण अवधिमा पेश भएको विवरण अनुसार रु. १,०२,०७,०८५।६४ देखाइएको छ । सो विवरणहरु मिल्दो नभएको, आम्दानी हिसाव, रसिद आदी अभिलेख नरहेको आदि कारणले गर्दा वास्तविक भएको आय र देखाईएको आय वीच तालमेल नदेखिएको र आय-व्यय विवरणमा फरक समेत पर्न गएकोले कार्यालयको अभिलेख व्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो देखिएन । तसर्थ नगदी रसिद छपाई र नियन्त्रण, सो वाट भएको असूली र दाखिला भौचर समेतको प्रमाण पेश गरी राजस्व एकीन हुनुपर्ने रु. | ९०,६७,०३७।११ |
| ९. | **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट चैत्रदेखि आषाढसम्ममा बिभिन्न कर्मचारीलाई विशेष भत्ता रु.१०,३४,७५२।०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम नियमित नदेखिएको रु. | १०,३४,७५२।०० |
| १०. | **पदाधिकारी सेवा सुविधा :-** स्थानीय शासन सञ्चालन ऐन, २०७४ ले नगरपालिका तथा गाँउपालिकाका पदाधिकारीले प्रदेश सभाले बनाएको कानुन अनुसार मासिक पारिश्रमिक बनाउने व्यवस्था गरेको छ । सो अनुसार यस प्रदेश सभाले नेपालको संविधानको धारा १७५ बमोजिम पारिश्रमीक तोकि ऐन बनाएको छ । तर यस नगरपालिकाका पदाधिकारीले यस आ.व. २०७४/७५ मा बैठक भत्ता बाहेक मासिक पारिश्रमीक लिएको पाईएन । | |
| ११. | **राजश्व अभिलेख :**आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको पाईएन । यसवाट स्थानीय तहको बास्तबिक राजश्व अशूली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |

| | | |
|---|---|---|
| १२. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालीका वा नगरपालीकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १३. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १४. | **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार नगरपालिकाका निम्नानुसार रु.११६८५८४५।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार अशूल,फछ्र्यौट हुनुपर्ने रु. | १,१६,८५,८४५।०० |

बजेट प्रकार : पूँजीगततर्फ

| सि.नं. | प्रापक प्रकार | पेश्की पाउने | बाँकी |
|---|---|---|---|
| १ | कर्मचारी | लोकेन्द्र वहादुर कार्की | ३००,०००।०० |
| २ | संस्थागत | ईश्वरी अधिकारी | १५,०००।०० |
| ३ | संस्थागत | जनजागृति आधारभूत विद्यालय, झोरापाटा | ७०,०००।०० |
| ४ | संस्थागत | नेपाल घरेलु तथा साना उधाेग महासंघ जिल्ला शाखा उदयपुर | ३५,०००।०० |
| ५ | संस्थागत | पार्वता वन्जरा | १५,०००।०० |
| ६ | संस्थागत | बसाहा खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ३००,०००।०० |
| ७ | संस्थागत | बालकल्याण आधारभूत विद्यालय(१-५), शिखरमाडी | ५०,०००।०० |
| ८ | संस्थागत | लालिगुँरास महिला प्राविधिक सहयोग सेवा समूह | १०,०००।०० |
| ९ | संस्थागत | वरवोटे ढाक्रेवास खानेपानी तथा सरसफाई योजना | २०,०००।०० |
| १० | संस्थागत | सप्तकौशीका मा.वि. भागलपुर | १६९,०००।०० |
| ११ | संस्थागत | हरियाली महिला समूह | १०,०००।०० |
| १२ | उपभोक्ता समिति | कोशी भंगालो पक्की पुल निर्माण उपभोक्ता समिति | ३००,०००।०० |
| १३ | उपभोक्ता समिति | गलेनी स्कुलवारी खानेपानी योजना उपभोक्ता समिति | ४०,०००।०० |
| १४ | उपभोक्ता समिति | चुहाने मुहान सिंचाई कूलो मर्मत योजना उपभोक्ता समिति | ६०,०००।०० |
| १५ | उपभोक्ता समिति | जसोदा खोला नदि नियन्त्रण उपभोक्ता समिति | २२,५००।०० |

| | | | |
|---|---|---|---|
| १६ | उपभोक्ता समिति | तपेश्वरी जल उपभाेक्ता समिति | ६०,०००।०० |
| १७ | उपभोक्ता समिति | प्रतिक्षालय निर्माण समिति | ३९,३१५.०० |
| १८ | उपभोक्ता समिति | भचुवा रिङ्गराेड | ३६०,०००.०० |
| १९ | उपभोक्ता समिति | मदन अाले | ३०,०००।०० |
| २० | उपभोक्ता समिति | महिला भवन निर्माण उपभोक्ता समिति | ३०,०००।०० |
| २१ | उपभोक्ता समिति | महिला भवन निर्माण योजना उपभोक्ता समिति | ३०,०००।०० |
| २२ | उपभोक्ता समिति | रामपुर खानेपानी सरसफाई उपभोक्ता समिति स्किम नं-४ | ४५,०००।०० |
| २३ | उपभोक्ता समिति | लामीडाँडा खानेपानी तथा सरसफाई योजना | २०,०००।०० |
| २४ | उपभोक्ता समिति | लालबजार व्यवस्थापन समिति | ५०,०००।०० |
| २५ | उपभोक्ता समिति | लालवजार प्रहरी चौकी फर्निचर उपभोक्ता समिति | ५०,०००।०० |
| २६ | उपभोक्ता समिति | वडा स्तरिय खानेपानी तथा स्वछन्तता सान्वय समिति | १५०,०००।०० |
| २७ | उपभोक्ता समिति | विराजे टोल देखि रातापानी सडक मर्मत उ.स. | ३००,०००।०० |
| २८ | उपभोक्ता समिति | सेतीखाेला खानेपानी तथा सरसफाई याेजना | ३००,०००।०० |
| २९ | उपभोक्ता समिति | सातपत्रे बाट दुर्गा मन्दिर हुँदै भाटे खैराहा टप्पु जाने बाटोको भाटेपुल मर्मत उपभोक्ता समिति | ७५,०००।०० |
| ३० | उपभोक्ता समिति | हिमशिखर युवा क्लव भवन मर्मत सुधार कार्यक्रम उपभोक्ता समिति | ६०,०००।०० |
| ३१ | व्यक्तिगत | नेत्र बहादुर थापा | १०,०००।०० |
| ३२ | व्यक्तिगत | पुरुषोतम घिमिरे | ५०,०००।०० |
| ३३ | व्यक्तिगत | यज्ञन्द्र नाथ पुर्बछाने | ४००,०००।०० |
| | | जम्मा | ३,४७५,८१५।०० |

वजेटः चालुतर्फ

| सि.नं. | भौचर नं. | मिति | पेश्की पाउने | बाँकी |
|---|---|---|---|---|
| १. | ५३२ | २७/१२/२०७४ | सबिन राज ढकाल | ६०,०००।०० |
| २. | ७३७,७३८ | ०७/०२/२०७५ | इन्फो नेट टेक्नोलोजी प्रा.लि. | १९४,४००।०० |
| ३. | ४६७ | १२/१२/२०७४ | आदर्श आधारभूत विद्यालय(०-८), सातपत्रे | १५०,०००।०० |
| ४. | ६७० | २०/०१/२०७५ | कोशी जनता माध्यमिक विद्यालय, रामपुर | १५०,०००।०० |
| ५. | ६७० | २०/०१/२०७५ | जगिराम थानी आ.वि. चम्पाकोट | १००,०००।०० |
| ६. | ४६७ | १२/१२/२०७४ | जनज्योति आधारभूत विद्यालय(०-५), मैनामैनी | ९६,०००।०० |
| ७. | ४६७ | १२/१२/२०७४ | जनजागृती आधारभूत विद्यालय(०-३), रंगशाला | १००,०००।०० |
| ८. | ४६७ | १२/१२/२०७४ | जनता आधारभू विद्याल(१-८), डुडखोला | २५०,०००।०० |
| ९. | ४६७ | १२/१२/२०७४ | जनता आधारभूत विद्यालय(१-८), आराङ्ग | १००,०००।०० |
| १० | ५८९ | १०/०१/२०७५ | जनविकास कन्सलटेन्सि प्रा. लि. | १४९,९०५।०० |
| ११. | ४६७ | १२/१२/२०७४ | ज्योति आधारभूत विद्यालय(०-५), भचुवा | २२५,०००।०० |
| १२. | ४६७ | १२/१२/२०७४ | जालपा आधारभूत विद्यालय, मैनामैनी | १५६,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| १३. | ५६५ | ०९/०१/२०७५ | जीवनका लागि सृजनशिल विकास, नेपाल | ८०६,६८८।०० |
| १४. | २०७, ३०७, ३७१ | २०७४-९-२४, ११-०९, ११-११ | नेपाल आदिवासी जनजाती महासंघ भवन निर्माण समिति | ४००,०००।०० |
| १५. | ८४८, ९६५ | २६-०२-२०७५, २०७५-०३-०८ | नेपाल घरेलु तथा साना उद्योग महासंघ | ३०८,०००।०० |
| १६. | ६०७ | १२/०१/२०७५ | नेपाल सामाजिक विकास तथा जन सशक्तिकरण केन्द्र | ५०,०००।०० |
| १७. | ४६७ | १२/१२/२०७४ | नवज्योति आधारभूत विद्यालय(१-३), डुग्रीबोटे | १००,०००।०० |
| १८. | ४६७ | १२/१२/२०७४ | बरपीपल माध्यमिक विद्यालय(०-१०), रामपुर | ४५०,०००।०० |
| १९. | ८९३ | २०७५/०२/३१ | भेटघाट महिला बचत तथा ऋण सहकारी संस्था लि. | ५०,०००।०० |
| २०. | ६७० | २०/०१/२०७५ | मैनामैनी मा.वि, मुलगाउँ | १९७,०००।०० |
| २१. | ६८२ | २६/०१/२०७५ | मेलमिलाप महिला बहुउद्धेश्यीय सहकारी संस्था लि | ७०,०००।०० |
| २२. | ४६७ | १२/१२/२०७४ | राकसनी आधारभूत विद्यालय(०-८), सिसुवा | २००,०००।०० |
| २३. | ५७६ | ०९/०१/२०७५ | लाल शिसुवा कृषक समुह | ४८,०००।०० |
| २४. | ४६७ | १२/१२/२०७४ | लालिगुराँस आधारभूत विद्यालय, बेलगाछी छेटोम | १९२,०००।०० |
| २५. | ४६७ | १२/१२/२०७४ | शारदा आधारभूत विद्यालय(०-८), विलिम्ला | १४४,०००।०० |
| २६. | ६७० | २०/०१/२०७५ | शिवालय आधारभूत विद्यालय, धौरी | १००,०००।०० |
| २७. | ४६७ | १२/१२/२०७४ | सरस्वती आधारभूत विद्यालय (०-५), ए.वि.सि. टप्पु | १००,०००।०० |
| २८. | ७३३ | ०४/०२/२०७५ | स्वास्थ्य चौकी तपेश्वरी | ६८,०००।०० |
| २९. | ७३३ | ०४/०२/२०७५ | स्वास्थ्य चौकी रामपुर | ३०८,०००।०० |
| ३०. | ४६७ | १२/१२/२०७४ | हिमकला आधारभूत विद्यालय(०-८), मैनामैनी | २१२,०००।०० |
| ३१. | ४५०,७२४ | विभिन्न मितिमा | दलित नेटवर्क संचालक समिति | ७०,०००।०० |
| ३२. | ८११ | २१/०२/२०७५ | संयुक्त दलित एकता समाज | ४५,०००।०० |
| ३३. | ३५७ | ०९/११/२०७४ | हरि वहादुर खडका | ३०,०००।०० |
| ३४. | ६२३ | १२/०१/२०७५ | उमेश कटुवाल | २५,०००।०० |
| ३५. | भिभिन्न | विभिन्न मितिमा | एक वहादुर निरौला | २२०,९३७।०० |
| ३६. | ४०३ | २८/११/२०७४ | गणेशमान राई | ५०,०००।०० |
| ३७. | 202, 285 | विभिन्न मितिमा | तिर्थमान कामी | ६५,०००।०० |
| ३८. | ७७७ | १४/०२/२०७५ | दुर्गा कुमारी सुवेदी | ३२८,०००।०० |
| ३९. | भिभिन्न | विभिन्न मितिमा | नरनाथ रेग्मी | ७०९,१००।०० |
| ४०. | ८०४ | २०/०२/२०७५ | निर्मल कुमार कार्की | ३७०,०००।०० |
| ४१. | ५७६ | ०९/०१/२०७५ | बद्री बहादुर सापकोटा | २४,०००।०० |
| ४२. | ७ | १८/०४/२०७४ | बिनोद साह | ५०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ४३ | ५७६ | ०९/०१/२०७५ | मान बहादुर मगर | ४८,०००।०० |
| ४४ | 447, 877 | २०७५/०२/२९ | मान वहादुर वि क | ३२०,०००।०० |
| ४५ | २१ | २८/०५/२०७४ | राजेश भट्टराई, सर्पदंश उपचार क्लिनिक संचालनार्थ | २५,०००।०० |
| ४६ | ५८६ | १०/०१/२०७५ | लाल बहादुर माझी | ५०,०००।०० |
| ४७ | ४९९ | २५/१२/२०७४ | लाल वहादुर थामी | ५०,०००।०० |
| ४८ | ३९९ | २८/११/२०७४ | लिला कान्त चाैधरी | ५०,०००।०० |
| ४९ | ७०१ | ३१/०१/२०७५ | विश्वास राई | १०,०००।०० |
| ५० | ३८५ | ११/११/२०७४ | सन्तोष पाैडेल | १२५,०००।०० |
| ५१ | ८५ | ०१/०७/२०७४ | सुवाष राई | १०,०००।०० |
| जम्मा | | | | ८२,१०,०३०।०० |

| | | |
|---|---|---|
| १५. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कायांलयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १६. | **कर्मचारी कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार यो आर्थिक वर्षमा रु. ५,००,०००।- विनियोजन गरेकोमा कल्याण कोष खाता खोलेर उक्त रकम राखेको पाईएन । | |
| १७. | **बिना प्रतिस्पर्धा खरिद(बिद्युत लाईन बिस्तार) :** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख भन्दा वढी भएको मालसामान वोलपत्रको माध्यामद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई  बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा नगरक्षेत्रका वडा नं.३,४,८ र ९ मा विद्युत विस्तारका लागि ठोक्सिला उर्जा तथा ग्रामिण विकास केन्द्र संग सम्झौता गरी पटक पटकमा रु. १,१२,१३,६०१।०० बराबरको विद्यूत पोल खरीद गरी रकम भुक्तानी गरेको पाईयो । तापनि उल्लेखखित वडाहरुमा के केति संख्याका पोल जडान गरेको हो, सोको स्पष्ट विवरण खुल्न आएन । यसरी सार्वजनिक खरीद ऐन नियमको व्यवस्था विपरित एउटा संस्थासंग सिधै सम्झौता गरी विना धरौटी एक तिहाई पेश्की दिई काम गराउनुबाट आर्थिक कार्याविधिको पालना भएको नपाईएकोले उक्त खर्च नियमित नदेखिएको रु……. | १,१२,१३,६०१।०० |
| १८. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । यस नगरपालिकाले सवारी कर असूली गर्ने सम्बन्धि कुनै कार्य गरेको छैन । | |
| १९. | **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नगरपालीकाको कार्यालयले यो वर्ष सभाबाट पारित गरि बजेट रकमान्तर गरी खर्च गरेको छ । पुजीगतबाट चालु र चालुबाट पुजिगत प्रकृतिका खर्च गरेको पाईएकोले यस्तो कार्यमा सुधार गरी शिर्षक बमोजिमका खर्चहरु सम्बन्धित शिर्षकमा नै पार्नु पर्दछ रु.५७,४५,०००।- चालु खर्च पुँजीगत बजेटमा समावेश गरिनुपर्दछ । | |
| २०. | **अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । कार्यालयले सशस्त्र प्रहरीको गाडी मर्मत वापत रु. १,०४,६८५।- खर्च लेखेको रकम अनियमित देखिएको रु……… | १०४६८५।०० |

२१. **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ताबाट कार्य गरांउदा सम्झौता अनुसारको रकम स्वीकृत लगत ईष्टिमेट अनुसारको दरमा भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था छ । यस वेलका नगरपालिकाको वडा नं. ४ लालबजार प्रगती टोल हुदैं बबला जोड्ने सडक निर्माण उपभोक्ता समिति र यस वेलका नगरपालीकाको कार्यालय बीच मिति २०७४।११।०६ मा जम्मा रु. ४५,४८,०६०। को लागतमा सम्झौता गरीएकोमा योजनाको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन र लागत इस्टिमेट तपशिल बमोजिमको आईटममा दर रेटमा फरक पारी स्वीकृत दर रेट भन्दा बढी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई समितिबाट असूल उपर गराउनु पर्ने रु ..........

| विवरण | लगत ईष्टिमेट अनुसार | | | कार्य सम्पन्न प्रतिवेदन अनुसार | | | फरक |
|---|---|---|---|---|---|---|---|
| | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| आर.सि.सि.ड्रेन वर्क | ६८८० | ४.७४ | ३२६११.३ | १२५०० | ११.०४ | १३८००० | १,०५,३८८।७ |
| रोड सर्फेस फिलिङ | १४४० | ५५० | ७९२००० | २१०० | ५६५ | ११८६५०० | ३,९४,५००। |

तसर्थ उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु. ४,९९,८८८।७०

२२. **जाली बुन्ने तार खरिद (ग्याविन तार) :-** यस पालिकाले ग्याविन तार खरिद गर्ने प्रयोजनको लागि कोटेशन माग भई ठेक्का पाएको आपुर्तक मनकामना ट्रेड कर्न्सन प्रा.लि लाई न्यूनतम कवोल अंक रु. २,६६,२३६।२० मू.अ.कर सहित ३,००,८४६।९१ भुक्तानी भएको छ । उपरोक्त परिमाण बराबरको ग्याविन तार कार्यालयको जिन्सी खातामा आम्दानी बांधेको अभिलेख नदेखिएको र वर्षान्तको अन्तमा मौज्दातमा समेत नभएकोले उक्त परिमाणको ग्याविन तारको खर्च रीतपुर्वक भएको मान्न नसकिएकोले उक्त भुक्तानी भएको रकमलाई सम्बन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल उपर गरिनुपर्ने रु. ३,००,८४६।९१

२३. **आर्थिक साहायता :-** कार्यालयले आन्तरिक पुँजीगत खर्च शीर्षक तथा अन्य शीषंकबाट खर्चको विल भरपाई राखि १२० जनालाई रु. ६,००,०००।- आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२४. **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु.१,०६,१४,०९९।- खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

२५. **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वासनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन अतः यसमा सुधार हुनुपर्दछ ।

२६. **न्याय सम्पादन :-** मुद्धा दर्ता, फछ्र्यौट, बाँकी र मेलमिलाप भई टुङ्गीएको एवं हेर्न बांकीको स्थिति निनम्नानुसार देखिएको छ ।

| **मुद्दाको प्रकार** | **मुद्दा संख्या** | **फैसला संख्या** | **मिलापत्र संख्या** | **प्रारम्भिक सुनुवाई संख्या** | **अदालत पठाईएको संख्या** | **हेर्न बाकी मुद्दा संख्या** |
|---|---|---|---|---|---|---|
| बिभिन्न | १४५ | २ | ७९ | ३४ | १ | २९ |

नगर कार्यपालीकाको न्यायिक समितिले पर्न आएका उजुरी एवं गुनासा यथासम्भवमा निक्योल गरी सेवा

<table>
<tr><td></td><td>प्रवाहलाई चुस्त दुरुस्त राख्नु पर्दछ । यो वर्ष न्यायिक समितिमा हेर्न बांकी मुद्धा एवं उजुरी यथासमयमा निर्णय हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>सवारी साधन खरिद - यस न.पा.को लागि, स्क्याभेटर जीप तथा वडा कार्यालयहरुको लागि मोटरसाईकल खरिद गर्ने भनी खरिद समितिको मिति २०७४।०७।०६ मा बैठक बसि निर्णय गरेको पाईयो । खरिद गर्नु पुर्व अर्थ मन्त्रालयको पुर्व स्विकृति नलिई रु. २,०९,४१,५५०। खर्च लेखेको पाईएकोले नियम कानुनको परिपालना गरि खरिद गरिनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>सवारी साधनको विवरण</th><th>परिमाण</th><th>जम्मा मुल्य (मू.अ.कर समेत)</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>मोटरसाईकल तथा स्कुटर</td><td>१२</td><td>२६,६४।८००।००</td><td></td></tr>
<tr><td>२</td><td>स्काभेटर</td><td>१</td><td>९२,००,०००।००</td><td></td></tr>
<tr><td>३</td><td>ट्याक्टर</td><td>२</td><td>४१,७६,७५०।००</td><td></td></tr>
<tr><td>४</td><td>स्कारपियो</td><td>१</td><td>४९,००,०००।००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२,०९,४१,५५०।००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२८.</td><td>समानुपातीक कट्टी :- बेलका नगरपालीका वडा नं. ९ अन्तर्गत कन्तेचौरी देखि भाटेपुलसम्मको सडक निर्माण गर्ने कार्यका लागि बेलका न.पा. र सडक उपभोक्ता समितिवीच रु. ४८,००,०००।- को लगत इष्टिमेट तयार भई रु. ४०,००,०००।- न.पा.को अनुदान तथा रु.८,००,०००।- श्रमदान मार्फत गर्ने गरी सम्झौता भएको छ । मिति २०७५।०३।२९ मा भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार नापी किताबमा रु. ४०२६१६७।८३ कार्य भएको उल्लेख गरेकोमा भौ.नं. ६७९ वाट कार्यालयले उपभोक्ता समितिलाई ४०,००,०००।- नै भुक्तानी दिएको छ । सम्झौता अनुसार पुरै कार्य नभै घटी कार्य भएकोमा पनि उपभोक्तालाई समानुपातिक रुपले कट्टी गरी भुक्तानी भएको नपाईएको हुंदा सो सम्झौता अनुसार १६.६७% कट्टी गरी रु. ३३,५५,००५।- मात्र भुक्तानी दिनुपर्नेमा सम्झौताको पुरै रकम भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ६,७१,१६२।८७ असुल उपर हुनुपर्ने देखिएको रु.</td><td>६,७१,१६२।८७</td></tr>
<tr><td>२९.</td><td>बढी भुक्तानी :- वेलका न.पा. वडा नं. ७ वाग्दारवार मैनामैनी गा.वि.स भवन हुँदै भोजपुर जोड्ने सडक निर्माणका लागि वेलका न.पा. र सडक उपभोक्ता समितिवीच रु. ६०,२५,१२०।०० को लागतमा सम्पन्न गर्ने गरी २०% उपभोक्ता समितिले र ८०% नगरपालिकाको अनुदान सहयोग गर्ने सम्झौता भएको छ । नगरपालिकाको मिति २०७५।०२।०८ को कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताव अनुसार रु.६०,११,७६८।९६ को कार्य भएको उल्लेख गरेको छ । तर न.पा.ले कार्य सम्पन्न र नापी किताव अनुसार उपभोक्ताको योगदानको अंश कटाई अनुपातिक हिसावले आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ३६ बमोजिम रु.४८,०९,४१४।२१ मात्र भुक्तानी दिनुपर्नेमा गो.भौ.नं. ४४८ मिति २०७५।०२।०८ वाट रु. ५०,००,०००।- भुक्तानी गरेको पाइएकोले वास्तविक भन्दा बढी रकम सम्बन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल उपर गर्नुपर्ने रु.</td><td>१०,५८६।००</td></tr>
<tr><td>३०.</td><td>रीतवेगरको विलको भुक्तानी :- वेलका न.पा. गडा नं.४ लाल बजार प्रगतीटोल हुँदै ववला जोड्ने सडक निर्माण उपभोक्ता समितिले कार्य सम्पन्न साथ पेश गरेको विल आन्तरिक राजस्व कार्यालयको वेवसाईट मा सर्च गर्दा तथा विजकको प्रकृति हेर्दा अस्वभाविक भएको र विलमा एउटा फर्मको नाम र प्यान नं. सर्च गर्दा रेकर्डमा अर्को फर्मको नाम भएको देखिएको हुँदा वास्तविक रुपमा भएको खरिद मान्न नमिलि फर्जी बिल पेश गरी सोमा भुक्तानी भएको पाइएकोल निम्नानुसार फर्मवाट रु. १,२९,७६०।- असूल उपर गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>पान नं.</th><th>भएको फर्मको नाम</th><th>विलमा भएको फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>३०४८०६४७६</td><td>आले ट्रान्सपोर्ट एण्ड सप्लायर्स</td><td>कार्की हार्डवयर</td><td>७६,८७०।००</td></tr>
<tr><td>२</td><td>६०१४६७६५८</td><td>-</td><td>डलफिन ममः हाउस एण्ड सेकुवा कर्नर</td><td>५२,८९०।००</td></tr>
</table></td><td>१,२९,७६०।००</td></tr>
<tr><td>३१.</td><td>शिक्षा तर्फ :- कार्यालयले विद्यालय शिक्षकलाई तलबभत्ता निकासा दिंदा दोहोरो पर्ने गरी निकासा दिनु हुँदैन । कार्यालयले निम्नानुसार विषयहरुमा विद्यालयलाई निकासा दिंदा दोहोरो निकासा भुक्तानी भएको पाईएकोले</td><td></td></tr>
</table>

जिम्मेवार पदाधिकारीवाट उक्त रकम असूल गर्नु पर्ने रु. ४,०९,७०७।८७

| गो.भौ.नं./मिति | व्यहोरा | रु. |
|---|---|---|
| ११,२०४७/१०/१२ | कोशी जनता मा.वि.का नि.मा.वि. शिक्षक श्री नेत्र बहादुर मल्ल ठकुरीको श्रावण १३ सम्मको तलब यस अघि प्रथम चौमासिकमा निकासा भैसकेकोमा पुन निकासा भएको रु. | १६,०२७।८७ |
| १२,२०७४/१०/१० | देउराली आधारभुत विद्यालयलाई कर्मचारी तलब रु. ३०,०००। र संचालन खर्च रु. २०,०००।- यस अघि भौ.नं. ११ वाट दिईसकेकोमा पुन सो खर्च निकासा दिएको रु. | ५०,०००।०० |
| १२,२०७४/१०/१० | जन जागृती आधारभुत विद्यालय, झोरापाटाको कर्मचारी तबल रु. ३०,०००।- र मसलन्द खर्च रु.२०,०००।- निकासा दिंदा यस अघि भौ.नं.११ वाट दिई सकेकोमा पुन निकासा दिईएको रु. | ५०,०००।०० |
| १२,२०७४/१०/१० | जनता मा.वि. पुवारेथुम्का लाई कर्मचारी खर्च रु. ७६०००।- र मसलन्द खर्च रु. २५०००।- यस अघि गो.भौ.नं. ११ वाट निकासा भैसकेकोमा पुन निकासा दिइएको रु. | १,०१,०००।०० |
| १४,२०७४/१०/१८ | ज्योती आधारभूत विद्यालय भचुवालाई राहत शिक्षकको छुट तलब भनी रु. ९३४८०।- निकासा दिएकोमा यस अघि भौ.नं. १२ वाट निकासा रु. ९२६८०।- भैसकेकोमा प्र.अ. भत्ता रु. ८०० कट्टा गरी वांकी असूल गर्ने रु. | ९२,६८०।०० |
| १६,०७४/१०/१८ | प्रभावकारी मा.वि वेलकाको नि.मा.वि. दरवन्दी को रु. १०००००।- छुट भनी निकासा दिएकोमा यस अघि भौ.नं. १४ वाट रु. ३४३२७१।- निकासामा समावेश भएकोले सो रकम छुट नभै दोहोरो पर्न गएको रु. | १,००,०००।०० |
| **जम्मा** | | ४,०९,७०७।८७ |

३२. **समानीकरण चालुतर्फ :-** नगरपालिकाले लक्षीत वर्गको कार्यक्रम संचालन गर्दा सम्बन्धित स्थानका वर्गहरुलाई नै बजेट दिई कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा गरिएको छ । कार्यालयले विभिन्न खेलकुद गतिविधिका लागि कार्यक्रम एवं अन्य गतिविधि संचालन गर्न युवा खेलकुद विकास समिति नामको वडा नं. ६ मा रहेको समितिलाई मात्र प्रदान गरिएको छ । यस आ.व.मा विभिन्न गोश्वारा भौचरवाट रु. १३,००,०००।०० एउटै समितिलाई दिई कार्यक्रम गरिनुले खर्चको पारदर्शिता नरहनुको साथै कार्यालयको लक्षीत कार्यक्रम सफल नहुन सक्ने हुंदा यस तर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु. ५ लाख भन्दा बढी मूल्यको सामान खरिद गर्दा सिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट निम्नानुसार सामान खरिद एउटै आपूर्तकवाट पटक पटक सिधै खरिद गरेकाले यस्तो अनियमित कार्यमा नियन्त्रण गरिनुपर्दछ । केहि उदाहरण निम्नानुसार छन् ।

| गो.भौ.नं./मिति | व्यहोरा | रकम रु. |
|---|---|---|
| ७१०,२०७५/२/१ | मनकामना हार्डवेयर एण्ड सप्लायर्सबाट जी.आई.तार | ४,८५,०००।०० |
| ११११,२०७५/३/२४ | मनकामना हार्डवेयर एण्ड सप्लायर्सबाट जी.आई.तार | ४,८७,४२०।०० |
| जम्मा | | ९,७२,४२०।०० |

यसरी उक्त आपूर्तकवाट अन्य खरिदहरु पनि भएको हुंदा प्रतिस्प्रर्धा गराई खरिद गरिनु पर्ने रु. ९,७२,४२०।००

३३. **प्रमाण कागजात नभएको** :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ बमोजिम खर्च लेखिएको रकमको यथेष्ट प्रमाण हुने गरी गोश्वारा भौचरसाथ संलग्न गरिनु पर्दछ । कार्यालयले निम्नानुसार खर्चहरु विभिन्न अनुगमनमा भएका खर्च  भनी खर्च लेखेकोमा भ्रमण आदेश नभएको, भ्रमण वील नभएको, आवश्यकता र प्रयाप्त कारण विना धेरै जनाले भ्रमण खर्च लिएको पाईएकोले यस्ता खर्चहरुमा नियन्त्रण हुनु जरुरी देखिन्छ । केहि उदाहरण निम्नानुसार छन् :-

| गो.भौ.नं./मिति | विवरण | रकम रु. |
|---|---|---|
| ८९८/२०७५/३/१ | विविध खर्च भनी अनुगमन खर्च र खाजा खर्च वील संलग्न | १,००,०००।०० |

| | | |
|---|---|---|
| | गरी वडा नं.९ को सिफारिस अनुसार खर्च लेखिएको रु. | |
| ११३२/२०७५/३/२५ | विविध खर्च भनी अनुगमन खर्च र खाजा खर्च बील संलग्न गरी वडा नं.८ को सिफारिस अनुसार खर्च लेखिएको रु. | १,५०,०००।०० |

३४. **फरक शिर्षकमा खर्च :-** नगरसभाबाट पुंजीगततर्फ विद्यालयलाई शैक्षिक गुणस्तर सुधार वापत विनियोजित रकम विद्यालयलाई अनुदान दिंदा सोही कार्यक्रममा खर्च गरेको प्रमाण पेश हुनुपर्दछ । नगरपालिकाकाले केहि यस्ता अनुदानहरु दिंदा विद्यालयले निजी श्रोतका शिक्षकलाई तलव वितरण गरेको पाईयो । जनता मा.वि. जहरालाई शिक्षक तलब भुक्तानी भनी निजी श्रोतका शिक्षकलाई तलब रु. ३,००,०००।- वितरण गरेको पाईयो । यसरी एकातर्फ पुंजीगत बजेट चालुतर्फ खर्च गर्न दिनाले सभाको विनियोजनको अर्थ रहेन भने अर्को तर्फ निजी श्रोतका शिक्षकलाई सरकारी अनुदान दिनु नियम सम्मत नदेखिएको रु. ३,००,०००।००

३५. **नपुग कर कट्टी :-** कार्यालयले विनियोजन गरेको रकम सोही कार्यमा खर्च गरिनु पर्दछ र आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार कट्टी गर्नुपर्ने रकम पनि कट्टी गरी मात्र भुक्तानी दिनुपर्दछ । कार्यालयले सामूदायिक विकास तथा परिवर्तन केन्द्रको खर्च रु.६,००,०००।- र बीउ बैंक स्थापना भनी रु.१,०१,४४०।- गरी रु.७,०१,४४०।- खर्च लेखेकोमा निम्नानुसार व्यहोरा देखिएको :-

(क) रु. १,००,०००।- को वीउ बैंक स्थापना गरेको प्रमाण नभएको रु. १,००,०००।००

(ख) रु. ६,००,०००।- को व्यूटीसियन तालीम खर्च गरी जम्मा ५ जना महिला सहभागी/लभान्वीत भएको पाईन्छ । यसरी उद्देश्य, लक्षीत वर्ग र लाभान्वीत हुन सक्ने वर्गको अनुमान र विश्लेषण विना बढी व्ययभार पर्ने गरी खर्च गरेको पाईयो । मितव्ययी किसिमले बढी भन्दा बढी सहभागी गराउने तर्फ ध्यान पुगेको पाईएन ।

(ग) उक्त तालिम कार्यक्रमका प्रशिक्षक र व्यवस्थापक भनी निम्नानुसार पारीश्रमिक खर्च लेखेको पाईयो । एकातर्फ प्रशिक्षक शुल्क धेरै रकम खर्च भएको पाईन्छ भने अर्को तर्फ आयकर ऐन, २०५८ अनुसार अग्रिम कर कट्टी नगरी घटी कट्टी गरेको पाईएकोले उक्त घटी कट्टी रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. १४,९९५।००

| प्रशिक्षक | पारिश्रमिक भुक्तानी रु. | लाग्ने कर रु. | कट्टी रु. | नपुग रु. | कैफियत |
|---|---|---|---|---|---|
| श्री राजु तुलाधर | २०,०००।०० | ३०००।०० | २००।०० | २८००।०० | १% मात्र कट्टी गरेको |
| श्री सिर्जना पौडेल | २६,९००।०० | ४०३५।०० | २६९०।०० | १३४५।०० | १०% मात्र कट्टी गरेको |
| श्री सिर्जना पौडेल | ५७,५००।०० | ८६२५।०० | ५७५।०० | ८०५०।०० | १% मात्र कट्टी गरेको |
| श्री शशी कुमार राई | २०,०००।०० | ३०००।०० | २००।०० | २८००।०० | १% मात्र कट्टी गरेको |
| **जम्मा** | | | | १४९९५।० | |

(घ)वडागत रुपमा महिला, बालबालिका, दलित, आदिवासी, जनजाती, अपाङ, जेष्ठ नागरिक एकल महिला, विपन्न महिला, युवाहरुको सीप विकास, क्षमता विकास, संस्थागत क्षमता विकास एवं आयआर्जनका कार्यक्रमहरु संचालन गरी सशक्तिकरण गर्न नगरपालीकावाट विविध कार्यक्रम संचालन भएको र लक्षित वर्गका क्षेत्रगत कृषि, पशु, घरेलु, खेलकुद, स्वास्थ्य पोषण, शिक्षा पर्यटन शडक, भवन लगायतका क्षेत्रहरुमा क्षेत्रगत कार्यक्रम संचालक एवं अनुदान उपलब्ध गराएकोमा ती क्षेत्रको कार्यक्रमको निरन्तरता र लाभग्राही समुदायमा कार्यक्रमको प्रभावकारीता वारेमा अनुगमन निरीक्षण भएको पाईएन ।

(ङ) ५ वर्षे आवधिक एवं व्यवस्थित नगर विकास योजना तर्जुमा गरी वार्षिक बजेटलाई आवद्ध बनाइने र नगरपालिकाभित्र घर निर्माण सम्बन्धि भवन संहिता तथा मापदण्ड अनुसार भए नभएको अनुगमन गरेको पाईएन ।

३६. **अग्रिम कर कट्टी राजशव दाखीला नगरेको :-**

आयकर ऐन २०५८ को दफा ८७ र ८८ बमोजिम भुक्तानीमा कर कट्टी गरी दाखिला गर्नु पर्ने मा निम्न गो.भौ.नं. र मितिवाट भुक्तानी रकममा आयकर कट्टी रकम राजश्व दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु. ८५,७२८।००

| गो.भौ.नं. र मिति | विवरण | बापत | रकम | अग्रिम कर कट्टी गरेको |
|---|---|---|---|---|
| | साना सिंचाई (३४५८४४४) | गाडी भाडा | ८०,०००।०० | ८०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | वरवोटे ठूलो सिंचाई उ.स. | | | |
| | बहुक्षेत्रीय पोषण कार्यक्रम | गाडी भाडा | १५,०००।०० | १५००।०० |
| ५/२०७५/३/१ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ट्याक्टर भाडा | १,०००।०० | १०००।०० |
| १३/२०७५/३/२५ | अनुगमन मुल्यांकन | गाडी भाडा | १५,०००।०० | १५००।०० |
| १२२०७५/१/७ | NLR सहायता चालु | गाडी भाडा | १२,०००।०० | १२००।०० |
| ३/२०७५/३/५ | „ सहायता चालु (मू.अ.कर विलको) | अग्रिम कर | | २७००।०० |
| ५/२०७५/३/२० | „ सहायता चालु (करकट्टी) | पारीश्रमिक | १,८८,०००।०० | १८८०।०० |
| ८/२०७५/३ | „ सहायता चालु (करकट्टी) | | | ६००।०० |
| ९४१/२०७५/३/७ | समानीकरण (चालु) (करकट्टी) | | | ७७९८।०० |
| | समानीकरण (चालु) (करकट्टी) | | | १८२३।०० |
| ८३९-२०७५/२/२७ | कार्यक्रम खर्च (करकट्टी) | | | ३०३७।०० |
| १३१९-२०७५/३/३२ | | गाडी भाडा | २०,०००।०० | २००।०० |
| १३१९-२०७५/३/३२ | | गाडी भाडा | ४४,०००।०० | ४४००।०० |
| ८१९-२०७५/२/२२ | परीक्षा अनुगमन करकट्टी | | | ८५५०।० |
| ४४१/२०७४/१२/६ | तालीमको पारीश्रमिक कर | | | ४२५३।०० |
| ४५४/२०७४/१२/९ | तालीमको पारीश्रमिक | | २९,०००।०० | ६७५।०० |
| ५१९/२०७४/१२/२७ | तालिमको पारीश्रमिक | | ८०,०००।०० | ३,०७०।०० |
| ५८९/२०७४/३/१७ | एक्जाभेटर भाडा | | २४,०००।०० | २४००।०० |
| | सहारा विकास केन्द्रको भत्ता वितरणको कर | | | ५,८५०।०० |
| | सा.वि.स. एक बहादुर निरौलाको पे.फ. गर्दा दाखिला गर्न बाकी रु... | | | ८,३७२।०० |
| | **जम्मा** | | | **८५,७२८।००** |

<table>
<tr><td>३७.</td><td>बढी भुक्तानी :- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत नगरपालीका वडा नं. १,२,७,८ र ९ का निम्न ६ वटा विपन्न र पछाडी पारीएका वस्तीको छनोट भई उक्त वस्तीमा लक्षित वर्गको सर्भेक्षण गरी तिनको पहिचान, समूह गठन तथा पचिालन, पोषण महत्वको बारेमा जानकारी गराउन बेलका न.पा. ८ निवासी सविना मगर ( पोषण सहजकर्ता) संगको मिति २०७४।१०।२२ को संझौता अनुसार मिति २०७४।१०।२२ देखि २०७५ असार मसान्त सम्मको लागि मासिक रु. १५,०००।- पारिश्रमिक दिने उल्लेख भएकोमा निजलाई उक्त अवधिमा रु. ७९,५००।- पारिश्रमिक भुक्तानी दिनुपर्नेमा रु. १,००,०००।- बजेट खर्च लेखेकोले बढी भुक्तानी गरेको रकम असूल गर्नु पर्ने रु.</td><td>२०,५००।००</td></tr>
<tr><td>३८.</td><td>बीलभपाई भन्दा बढी खर्च :- बहुक्षेत्रीय पोषण (MSNP) कार्यक्रमवाट संलग्न वील भर्पाई बमोजिम २ थान ज्वाइन्ट राइस मिल एण्ड मोटर एण्ड ब्लोअर को रु. ९४,०००।- र ढुवानी भाडाको रु. १०,०००।- समेत जम्मा रु. १,०४,०००।- बजेट खर्च लेख्नुपर्नेमा रु. १,३०,०००।- बजेट खर्च लेखेकोले बील भपाईभन्दा बढी खर्च असूल गर्नुपर्ने रु.</td><td>२६,०००।००</td></tr>
<tr><td>३९.</td><td>फांटवारी भन्दा वढी खर्च :महिला स्वास्थ्य शिविर संचालनका फांटवारी संलग्न गरी बजेट खर्च लेखेकोमा संलग्न फांटवारी भन्दा बढी पेश्की फछ्र्यौट गरेको देखिएकोले फाँटवारी भन्दा बढी खर्च लेखेको रकम असुल गर्नु पर्ने रु.</td><td>७१,४१४।००</td></tr>
<tr><td>४०-</td><td>फांटवारी भन्दा वढी खर्च :मन कुमारी राईवाट सर्वोत्तम पिठो उत्पादनतर्फ कार्यक्रमका संलग्न रु. १,४६,९००।- बराबरका फाटवारीवाट रु. १,७०,०००।- पेश्की फछ्र्योट गरेकोले फाँटवारी बेगर बजेट खर्च लेखेको रु.</td><td>२३,१००।००</td></tr>
<tr><td>४१</td><td>फांटवारी भन्दा वढी खर्च :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्च लेखिएका बिल भपाई संलग्न गरी मात्र खर्च लेख्नु पर्दछ । कार्यालयबाट निम्नानुसार भएका खर्चहरुमा कैफियत महलमा उल्लेख भएअनुसार व्यहोरा तथा प्रमाण कागजात नभएकोले उक्त खर्च यकिन गर्न नसकिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td>३१/२०७४/६/१</td><td>फोहोर उठाएको खर्चमा बिल भपाई नभएको</td><td>२०,०००।००</td></tr>
<tr><td>४३/२०७४/६/४</td><td>मानव अधिकार र वातावरण विकास केन्द्र(हुरेन्डक) नेपाललाई सम्झौता बेगर भाडा भुक्तानी गरीएको रु..</td><td>५०,३००।००</td></tr>
<tr><td>३७/२०७४/११/८</td><td>अ.हे.ब जय नारायण माझी, शुसिला राई र झरना राईको सेवा करार सम्झौता पेश नभएको रु.</td><td>५३,४६०।००</td></tr>
<tr><td>११/२०७४/५/४</td><td>सम्झौता बेगर गाडी भाडा खर्च रु.</td><td>६०,०००।००</td></tr>
<tr><td>१९३/२०७४/९/४</td><td>२०७४ मंसिर महिनाको गाडि भाडा बुझिलिएको भपाई संलग्न नभएको रु.</td><td>७७,७८०।००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२६,१,५४०।००</td></tr>
</table></td><td>२,६१,५४०।००</td></tr>
<tr><td>४२.</td><td>वित्तीय जवाफदेहिता मूल्याङ्कन : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>बेरुजू - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु २६ लाख १९ हजार, अनियमित बेरुजू रु १ करोड ३६ लाख २६ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु १ करोड २ लाख ९२ हजार र पेश्की बाँकी देखिएको रु १ करोड १६ लाख ८६ हजार समेत रु ३ करोड ८२ लाख २३ हजार बेरुजू कायम भएकोमा हालसम्म कार्यालयवाट कुनै प्रतिक्रिया प्राप्त नभएकोले रु ३ करोड ८२ लाख २३ हजार नै बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>४४.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| १,२३,९३,०००।०० | ० | १,२३,९३,०००।०० |

| | | |
|---|---|---|
| ४५. | **अद्यावधिक बेरुजू स्थिति :** यस वेलका नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १,२३,९३,०००।०० | ० | ३,८२,२३,६२०।९९ | ५,०६,१६,६२०।९९ |

**अनुसूची– १**

# वेलका नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | उदयपुर | वेलका न.पा | २६ | २२ | ३८२२३ | ० | ० | ० | २६ | २२ | ३८२२३ | २६१९ | १३६२६ | १०२९२ | - | - | २६५३६ | २९२० | ८७६६ | ११६८६ |
| | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची- १**

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | वेलका नगरपालिका | उदयपुर | १०५८४ | २८६५१२ | १९३१५३ | ९७६७ | ४८९४३२ | २८४५७१ | १६५२१६ | ११५ | ४४९९०२ | ५०११४ |
| | | | | | | | | | | | | |